# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ९ मिति २०८० जेठ १८ गते

## भाग २

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८० को ऐन नं.९**

**तुर्माखाँद गाँउपालिकाको शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि,२०८०**

**प्रस्तावना:** तुर्माखाँद गाँउपालिका अन्तर्गत स्थापित सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधारको विकास, स्रोतको न्यायोचित

वितरण, दक्ष शिक्षकको प्रवन्ध तथा पुनर्वितरण एवं नक्सांकन विना खोलिएका विद्यालयहरुको समायोजन तथा एकिकरण गरी गुणस्तरिय शिक्षामा सवै वालवालिकाको सहज पहुच सुनिश्चित गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज) को उपदफा ११ र १२ को व्यवस्था कार्यान्वयन गर्न वांछनिय भएकाले,

तुर्माखाँद गाँउपालिका गाँउ कार्यपालिकाको मिति २०८०।२।९ को वैठकको निर्णयवाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएकोछ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यस कार्यविधिको नामः तुर्माखाँद गाँउपालिकाको शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि २०८० रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितबाट लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ईकाइ" भन्नाले शिक्षा विकास तथा समन्य ईकाइ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ग) “दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरवन्दी सम्झनु पर्दछ र सो शब्दले महिला शिक्षा परियोजनको शिक्षक दरवन्दी, राहात अनुदा र पालिका अनुदान समेतलाई जनाउदछ ।

(घ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापक जिम्मेवारी लिएको शिक्षक सम्झनु पर्दछ ।

(ङ) "विद्यालय” भन्नाले प्रचलित कानुन वमोजिम अनुमति वा स्वीकृति लिई संचालनमा सामुदायिक विद्यालय सम्झनु पर्दछ ।

(च) "कार्यक्रम" भन्नाले सार्वजनिक विद्यालय समायोजन तथा एकिकरण कार्यक्रम

कार्यान्वयन गरिने कार्यक्रम सम्झिनु पर्छ ।

(छ) "स्थानिय तह" भन्नाले गाँउपालिका सम्झनु पर्छ ।

(ज) "विद्यालय समायोजन एवं एकिकरण" भन्नाले भौगौलिक दुरिका कारण शिक्षामा वालवालिकाको पहुंच कम हुन नदिई प्रत्येक व्यक्तिले प्रचलित कानुन वमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षणलाई सुनिश्चितता गरी दुई वा दुई भन्दा बढी विद्यालय वा विद्यालयका तह वा कक्षा आपसमा गाभेर सार्वजनिक विद्यालयमा समायोजन एवं एकिकरण वा स्थापना कार्यलाई सम्झनु पर्दछ ।

(झ) "तह घटुवा तथा कक्षा घटुवा" भन्नाले संचालित तह र कक्षा भन्दा मुनिको तह वा कक्षा सम्झिनु पर्दछ ।

(ञ) "नियमावलि" भन्नाले शिक्षा नियमावलि २०५९ सम्झनु पर्दछ ।

## परिच्छेद- २
## <u>शिक्षक दरवन्दी मिलान सम्वन्धि व्यवस्था</u>

**<u>३. शिक्षक दरवन्दी मिलानः</u>**

(क) विद्यालयमा नियमानुसार हुनु पर्ने शिक्षक दरवन्दी अनुपात १:४५ का आधारमा विद्यालय अनुगमन गर्दा उपस्थित विद्यार्थीको संख्यालाई आधार मानि STR निकाल्ने ।

(ख) प्राथमिक तह कक्षा १-५, निम्न माद्यमिक तह कक्षा ६-८, माद्यमिक तह कक्षा ९-१० र उच्च माद्यमिक तह कक्षा ११-१२ लाई ४ तह मानि तहगतरुपमा STR निकालिनेछ

(ग) दरवन्दी पुनर्वितरण गर्दा नेपाल सरकारले विद्यालयलाई उपलव्ध गराएको प्राथमिक महिला शिक्षा परियोजना समेत

तुर्माखाँद गाउँपालिका

निम्न माद्यमिक माद्यमिक र उच्च माद्यमिक तहको दरवन्दी, राहात अनुदान र पालिका
अनुदानलाई समेत गणना गर्ने। (घ) शिक्षक आवश्यकताको पहिचान गर्दा स्थानिय तहमा वित्तिय हस्तानान्तरणको प्रयोजनको लागि जिल्ला शिक्षा समितिले विद्यालयमा बाँडफाँड गरेको दरवन्दीलाई आधार मानेर साविकको जिल्ला शिक्षा कार्यालयले यस पालिलाई उपलब्ध गराएको प्राथमिक तहको दरबन्दी बचत हुन आउने र निम्न माधमिक तथा माधमिक तहमा दरवन्दी अपुग हुने र आवश्यक संख्यामा दरवन्दी स्वीकृत नहुदासम्म नपुग हुने दरवन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरवन्दीबाटै पुर्ति गर्ने ।

(ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरवन्दी अपुग भएको अवस्थामा तल्लो तहमा वढी भएको रहेछ भने सबै तहको शिक्षक दरवन्दी एकमुष्ट गणना गरी नियमावलि वमोजिम न्युनतम दरवन्दी सुनिश्चित गरी स्थानिय तहगत दरवन्दी मिलान गर्ने ।

(च) दरबन्दी मिलान र पुनर्वितरण गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिदै गुणस्तरिय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको शिक्षक दरबन्दी यस पालिकाको पुल दरवन्दीमा राखि आवश्यकता र औचित्यतका आधारमा पुनर्वितरण गर्ने ।

(छ) विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी भएको अवस्थामा कुनै कारणवाट दरवन्दी रिक्त हुन

आएमा दरवन्दी मिलान कार्य सम्पन्न नभए सम्म त्यस्ता विद्यालयले रिक्त पदपुर्ति प्रक्रिया अगाडि नवढाउने ।

(ज) कुनै विद्यालयमा STR १:१५ भन्दा कम भै कक्षा १-५ संचालन भएका विद्यालयलाई कक्षा १-३ संचालन गर्ने गरी समायोजन गर्ने र दरवन्दी कट्टा गरी STR वढी भएका विद्यालयमा मिलान गर्ने ।

(झ) कक्षा १-१० र कक्षा १-१२ संचालन भएका विद्यालयमा नि मावि र मावि तहमा दरवन्दी नभएका वा दरवन्दी अपुग भएका विद्यालयहरुको प्रा वि तहमा दरवन्दी वढी भए पनि दरवन्दी कट्टा नगर्ने । कुनै कक्षामा ७० जना भन्दा वढी विद्यार्थी भएमा थप कक्षा (section) खोली पठापाठनको व्यवस्था मिलाउनु पर्ने भएमा आवश्यकता अनुसार शिक्षक

दरबन्दी थप गर्ने व्यवस्था मिलाउने ।

(ञ) कक्षा १-३ वा कक्षा १-५ संचालन भएका विद्यालयहरुमा विद्यार्थी संख्या ५० देखि १०० को बिचमा भएका र STR वमोजिम दरवन्दी थप गर्नु पर्ने देखिएमा न्युनतम १ दरवन्दी थप गर्ने ।

(ट) STR वमोजिम दरवन्दी कट्टा हुने देखिएमा दरवन्दी कट्टा हुन गै शिक्षक व्यवस्थापन गर्नु पर्ने भएमा पालिका अनुदानमा कार्यरत शिक्षक राहात अनुदानमा कार्यरत शिक्षक- दरबन्दीमा कार्यरत शिक्षकको कममा दरवन्दी थप हुने विद्यालयमा समायोजन पदस्थापन गर्ने ।

(ठ) समुदायमा स्थापना भै संचालनमा रहेका वालविकास केन्द्रहरु भौतिक पुर्वाधारको अभाव वा समुदायवाट टाढा भै वालवालिकाहरुलाई

आवतजावतमा कठिनाई भएका वालविकास केन्द्रहरुलाई नजिकको विद्यालयमा मर्ज गर्ने। यदि कुनै विद्यालयमा २ वा २ भन्दा वढी वालविकास केन्द्रहरु संचालनमा रहेका तर वालवालिको संख्या कम भएका कारण अर्को विद्यालय वा समुदायमा सार्नु पर्ने भएमा वालविकास केन्द्र नभएको विद्यालयलाई प्राथमिकतामा राखि समायोजन गर्ने ।

(ड) सामुदियक विद्यालयमा हुनु पर्ने न्युनतम दरवन्दी संख्याः प्रा वि तहमा विद्यार्थी संख्या २५ भए १ दरवन्दी, २६ देखि ५० जना सम्म भएमा न्युनतम २ दरवन्दी, ५० भन्दा वढी भएमा न्युनतम ३ दरवन्दी नि मा वि तह कक्षा ६-८ मा न्युनतम ४ मा वि तह कक्षा ९- १० मा न्युनतम ५ र उ मा वि तह कक्षा ११-१२ को विद्यालयमा न्युनतम ३ दरवन्दी कायम

हुने गरी शिक्षक दरवन्दी मिलान कार्य गरिनेछ। भौगोलिक विकटताका कारण कुनै विद्यालय कक्षा १-५ संचालन भएको तर downsizing गर्न नमिलेमा ५० जना सम्म विद्यार्थी भएता पनि न्युनतम ३ दरवन्दी कायम गर्ने ।

## परिच्छेद-३
## पुलमा रहेको दरवन्दी व्यवस्थापन

४. **पुल दरवन्दी सम्वन्धि व्यवस्थाः** हिमाल पहाड तराई र उपत्यकामा ऐन तथा नियमावलिमा तोकिएको शिक्षक विधार्थी अनुपात र निम्न माधमिक तथा माद्यमिक तहमा विषयगत आधारमा बढी भएको शिक्षक दरवन्दीलाई पुल दरवन्दीको रुपमा राख्नु पर्नेछ ।

५. **शिक्षक काजमा खटाउने सम्वन्धि व्यवस्थाः** STR वमोजिम यस पालिका अन्तर्गत सम्पुर्ण सामुदायिक विद्यालयहरुको STR वमोजिम बढी हुन आउने शिक्षक दरवन्दी एकिन गरी थप दरवन्दी

आवश्यक भएका विद्यालयमा पुनर्वितरण गरी बाँकि हुन आउने दरवन्दीलाई यस पालिकाको पुल दरवन्दीमा राखि STR वढी भएका अन्य सामुदायिक विद्यालयमा काजमा खटाउने ।

## परिच्छेद-४

## शिक्षक व्यवस्थापन

६. **शिक्षक व्यवस्थापनका आधारहरुः** पालिकाको पुलमा रहेको दरवन्दीलाई पुनर्वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापन गर्नु पर्नेछः

क) पुलमा रहेको दरवन्दी स्थानान्तरण गर्दा संभव भए सम्म रिक्त रहेको पालिका अनुदान र राहात अनुदानलाई स्थानान्तरण गर्ने ।

ख) पालिका तथा राहात अनुदान स्थानान्तरण गर्दा पनि पुल दरवन्दी बाँकि भएमा रिक्त दरवन्दीलाई स्थानान्तरण गर्ने।

ग) पुल दरवन्दी पुनर्वितरण गरेको वा गरिने विद्यालयमा



तुर्माखाँद गाउँपालिका

स्वऐच्छिक रुपमा जान चाहने शिक्षकको लागि निवेदन आह्वान गरी प्राप्त निवेदनको छानविन गरी उपयुक्तता समेत हेरी स्थानान्तरण गर्ने । तर यसरी शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई यथासक्य घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

घ) खण्ड (ग) बमोजिम निवेदन दिने शिक्षकको संख्या धेरै हुन आएमा महिला शिक्षकलाई प्राथमिकता दिई बाँकि दरवन्दीको हकमा शिक्षकको नियुक्ति मितिको जेष्ठताको आधारमा स्थानान्तरण गर्ने।

ङ) करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने।

च) पालिका तथा राहत अनुदानमा कार्यरत शिक्षकलाई निजको नियुक्ति मितिलाई आधार लिई

कनिष्ठताको आधारमा स्थानान्तरण गर्ने ।

छ) खण्ड (क) (ख) (ग) (घ) (ङ्ग) र (च) वमोजिम शिक्षक स्थानान्तरण गर्दा पुल दरबन्दी वितरण गर्न बाँकि रहेमा स्थायी शिक्षकको नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

ज) दरवन्दी मिलान गर्ने क्रममा दरवन्दी स्थानान्तरण गर्दा कनिष्टमा महिला पर्न गएमा निजले चाहेमा वाहेक महिलालाई स्थानान्तरण नगरी कनिष्ट पुरुष शिक्षकलाई स्थानान्तरण गर्ने ।

झ) शिक्षकको स्थानान्तरण गर्दा सम्भव भएसम्म पति पत्नि एकै विद्यालय/वडामा पर्ने गरी मिलान गर्न प्राथमिकता दिने ।

ञ) विद्यालय मर्ज वा downsizing वा दरवन्दी कट्टा हुन गै शिक्षक तथा वाविके

सहजकर्तालाई स्थानान्तरण तथा पदस्थापन गर्दा सकभर सोही वडाको दरबन्दी थप हुने विद्यालयमा गरिनेछ । सम्वन्धित वडामा शिक्षक पदस्थापन हुन नसक्ने देखिएमा भौगोलिक रुपमा नजिकमा रहेका वडाहरुका सामुदायिक विद्यालयहरुमा पदस्थापन गरिनेछ । नजिकको छिमेकि वडाहरुका विद्यालयमा पदस्थापन गर्न नमिल्ने भएमा मात्र अन्य जुनसुकै वडाका विद्यालयमा
स्थानान्तरण गरिनेछ ।

## परिच्छेद-५
## पालिकाको शिक्षक अनुदान वितरण

७. पालिकाको शिक्षक अनुदान वितरणका आधारहरु प्रावि तहमा शिक्षक विद्यार्थि अनुपात र मावि तथा निमावि तहमा विषयगत आधारमा शिक्षक दरवन्दी मिलान पश्चात दरवन्दी अपुग भै पालिकाबाट अनुदान दिनु पर्ने भएमा

देहाय वमोजिमका आधारमा अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(क) मा.बि. र नि.मा.वि. तहमा विषयगत आधारमा नि.मा.वि. तहमा न्युनतम ४ र मा.वि. तहमा न्यनतम ५ दरवन्दी कायम हुने गरी अनुदान वितरण गर्ने। अनुदान वितरण कार्यलाई व्यवस्थित र पारदर्शि बनाउन सबै नि.मा.वि. र मा.वि. तह संचालन गरिरहेका विद्यालयहरुको स्वीकृत दरवन्दी, राहात दरवन्दी र यस भन्दा पुर्व यस पालिकावाट प्राप्त गरेको शिक्षक अनुदान कोटालाई समेत कायम हुने न्युनतम दरवन्दीमा गणना गरी अब पाउने अनुदान कोटा निर्धारण गर्ने ।

(ख) अनुदान पाउने विद्यालय निर्धारण गर्दा सबै भन्दा कम दरवन्दी भएका विद्यालयलाई प्राथमिकता दिई अनुदान कोटा निर्धारण गर्ने । ० दरवन्दी भएकालाई

न्युनतम १, १ दरवन्दी भएकालाई १ दरवन्दी थप २ वनाउने, २ दरबन्दी भएकालाई १ दरवन्दी थप गरी ३ बनाउने, ३ दरवन्दी भएकालाई १ दरवन्दी थप गरी न्युनतम ४ दरवन्दी पुर्याउने गरी न्युनतम दरबन्दी पुर्याउने रणनीति अख्तियार गर्ने ।

(ग) गविद्यार्थी संख्या अधिक भै सेक्सन खोली पठनपाठन गर्नु पर्ने विद्यालय पहिचान गरी प्रत्येक शैक्षिक सत्रमा आवश्यकता अनुसार दरवन्दी थप गर्दै जाने ।

(घ) विद्यालयले उपलव्ध गराईएको अनुदान कोटा वा अन्य दरवन्दी तथा राहात अनुदानमा शिक्षक भर्ना गर्दा क्रमशः अंग्रेजी गणित-विज्ञान सामाजिक ऐच्छिक विषयको विषयगत सुंखला कायम हुने गरी शिक्षक पदपुर्ति गर्ने ।



तुर्माखाँद गाउँपालिका

(ङ) शिक्षक पदपुर्ति गर्दा प्रचलित शिक्षक पदपुर्ति सम्बन्धि ऐन नियमावलिलाई कडाईका साथ लागु गर्ने । नि.मा.वि. र माविमा शिक्षक पदपुर्ति गर्दा बुदा ४ मा उल्लेखित विषयको कमलाई मिच्न पाईने छैन र शिक्षक पदपुर्तिमा नियमानुसारको समावेशिताको शिद्धान्तलाई अनुसरण गर्नु पर्नेछ । शिक्षक पदपुर्ति गर्दा नियमको उलल्घंन गरी(कोटा परिवर्तन गर्ने, विषयको क्रम भंग गर्ने, विज्ञापनको सुचना लुकाउने, सुचना बंग्याउने । शिक्षक पदपुर्ति गरेको पाईएमा अनुदान कट्टा गरी जिम्मेवार पदाधिकारी तथा अख्तियारवाला व्यक्तिलाई नियमानुसार कारवाही गरिने ।

(च) विद्यालयहरुले अनुदान प्राप्त गरेको आधिकारिक पत्र प्राप्त गरे पछि शिक्षक पदपुर्तिको प्रक्रियालाई अगाडि वढाउन

लगाउने र सो को अभिलेखकरण समेत राख लगाउने।

तुर्माखाँद गाउँपालिका

**परिच्छेद-६**

**विद्यालय समायोजन तथा एकिकरण**

८. **विद्यालय समायोजन तथा एकिकरणका लागि देहायका मापदण्डलाई आधारका रुपमा लगिनेछः**

(क) मर्ज हुने विद्यालमा प्रति कक्षा न्युनतम विद्यार्थी संख्या १५ जना भन्दा कम भएमा

(ख) घरधुरीसंख्या कम भएका र जनसंख्या वृद्धिदर न्युन भएका समुदायमा अवस्थित विद्यालयलाई मर्ज गर्ने

(ग) मर्ज हुने विद्यालयमा पठनपाठनका लागि आधारभुत मापदण्ड सेवासुविधको अभाव रहेको

(घ) मर्ज हुने र मर्ज भै कायम हुने विद्यालय विचको आवतजावत गर्दा ३० मि भन्दा कम समय लाग्ने

(ङ) उपर्युक्त १ देखि ४ मा उल्लेखित मापदण्ड मध्ये कुनै २ वटा मापदण्ड मेल खाएमा विद्यालय मर्ज गरिनेछ

(च) सामुदयमा स्थापित बालबालिका केन्द्रको आफ्नै भवन र अन्य आवश्यक भौतिक पुर्वाधार एंमव विद्यार्थि नभएको पाईएमा उक्त वाविकेलाई निजको सामुदायिक विद्यालयमा स्थानान्तरण गर्ने ।

(छ) प्रत्येक सामुदायिक विद्यालयमा न्युनतम एउटा वालविकास केन्द्र राखिनेछ ।२ वटा वालविकास केन्द्र भएका सामुदायिक विद्यालयमा मापदण्ड वमोजिम भौतिक पुर्वाधार र विद्यार्थी संख्या नभएमा वाविके नभएको विद्यालयमा स्थानान्तरण गर्ने ।



तुर्माखाँद गाउँपालिका

वाविके स्थानान्तरण गर्दा पहिलो प्राथमिकता मा.वि. लाई दिने त्यस पछि नि.मा.वि. लाई प्राथमिकता राखि वितरण गर्ने।

९. विद्यार्थी संख्या तोकेको मापदण्ड भन्दा कम भएमा वा विद्यालयमा न्युनतम शिक्षक संख्या र आधारभुत भौतिक पुर्वाधार नभई तह तथा कक्षा घटाएर विद्यालय समायोजन गर्नु परेमा देहायका मापदण्डको पालना गर्नु पर्नेछः

(क) विद्यार्थी संख्या प्रति कक्षा १५ भन्दा कम र विद्यालयमा नियमानुसार हुनु पर्ने न्युनतम शिक्षक दरबन्दि नभएमा ।

(ख) विद्यालयमा पठनपाठको लागि आवश्यक भौतिक पुर्वाधार नभएको र शैक्षिक सामग्रिको अभाव देखिएको ।

(ग) शिक्षक व्यवस्थापन र भौतिक पुर्वाधारका लागि विद्यालयको आफ्नै स्रोत नभएमा ।

(घ) Downsizing हुने विद्यालय र अर्को विद्यालय विच

आवतजावत दुरी ३० मि भन्दा कम लाग्ने भएमा ।

## परिच्छेद-७

## दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्वन्धमा विभिन्न निकायको भुमिका

विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान कार्यलाई व्यवस्थित पारदर्शि सरल एवं सहज ढंगले सम्पादन गर्न विभिन्न निकायको भुमिका देहाय वमोजिम हुनेछः

### १०. गाँउपालिकाको भुमिका

(क) पालिका भित्र रहेका शिक्षक दरवन्दीलाई ऐॅन तथा नियमावलिमा भएको व्यवस्था वमोजिम प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा तथा अन्य तहमा विषयगत आधारमा पुनर्वितरण गर्ने ।

(ख) संघीय र प्रादेशिक तहवाट प्राप्त दरवन्दी नपुग भएमा पछि अर्को व्यवस्था भएमा सोही अनुसार हुने गरी हाललाई

आफ्नै स्रोतवाट शिक्षकको व्यवस्था मिलाउने ।

(ग) ईकाइसंग समन्वय गरी रिक्त दरवन्दी करार राहात र दरवन्दीका शिक्षकहरको विवरण उपलव्ध गराउने ।

(घ) समायोजन र एकिकरण हुने विद्यालय तथा वाविकेहरुको पहिचान गरी मापदण्डका आधारमा कार्यप्रक्रिया अगाडि वढाउने ।

(ङ) विद्यालय समायोजन एकिकरण तथा शिक्षक दरवन्दी मिलान पश्चात सो को कार्यान्वयन पक्ष र प्रभाव मुल्याङ्कन गरी सुधारका कार्यहरु गर्ने ।

(च) संघिय सरकार, प्रादेशिक सरकार र ईकाइविच समन्वय गरी आवश्यक राय सल्लाह सुझाव लिने दिने ।

**११. वडा कार्यालयको भुमिकाः**

(क) आफ्नो वडा भित्रका विद्यालयहरुको अनुगमन



तुर्माखाँद गाउँपालिका

निरिक्षण तथा रेखदेख गरी पठन पाठनको अवस्थाको जानकारी लिई पालिकामा प्रतिवेदन पेश गर्ने ।

(ख) विद्यालयको आवश्यकता पहिचान गरी सो को अभिलेख राखे । विद्यालयको आवश्यकता परिपुर्तिका लागि बजेट विनियोजन गर्ने र थप सहयोगका लागि पालिका लगायत सम्वन्धित अन्य निकायमा अनुरोध गर्ने ।

(ग) शिक्षक विद्यार्थिको तथ्याङ्क अयाविधक गरी राखे ।

(घ) अध्ययन अध्यापन कार्यलाई प्रभावकारी वनाउन सहजिकरण गर्ने ।

(ङ) विद्यालयका लागि आवश्यक स्रोत पहिचान गरी प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।

(च) विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान कार्यमा सहयोग गर्ने र निर्णय

कार्यान्वयनमा सक्रिय भुमिका निर्वाह गर्ने ।

**१३. विद्यालयको भुमिकाः**

(क) अध्ययन अध्यापन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक शिक्षक संख्या भौतिक पुर्वाधारको अवस्था र अन्य आर्थिक तथा व्यवस्थापकिय पक्षको स्वमुल्याकंन गरी वस्तुगत तथ्याकं तयार गरी माग भै आएको वखत सम्वन्धित निकायलाई समयमै उपलव्ध गराउने ।

(ख) विद्यालय सेवा क्षेत्र भित्रको जनसांख्यिक संरचनाको अध्ययन विश्लेषण गरी विद्यार्थी भर्नाको प्रक्षेपण गर्ने ।

(ग) पठनपाठनका लागि आवश्यक शिक्षक संख्या र आवश्यक भौतिक पुर्वाधारको विवरण

तयार गरी वडा कार्यालय र पालिकामा वुझाउने ।

(घ) विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान कार्यमा सकारात्मक भै सहयोग पुर्याउने ।माग भै आएका तथ्याकं नवंग्याई यथारुपमा पालिकामा वुझाउने ।

(ङ) विद्यालयले आफ्नो स्रोतको स्वमुल्याकंन गरी तदनुरुप आफुले धान्न सक्ने सम्मको मात्र कक्षा संचालन अनुमति प्राप्त गरी योजनाका साथ शैक्षणिक क्रियाकलाप संचालन गर्ने ।

तुर्माखाँद गाउँपालिका

अनुसुचि-१
तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, तुर्माखाँद, अछाम
(शिक्षा, युवा तथा खेलकुद शाखा)
विद्यालयको आधारभुत तथ्याङ्क संकलन फारम-२०७९

तुर्माखाँद गाउँपालिका

तुर्माखाँद गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय, तुर्माखाँद, अछाम
(शिक्ष युवा तथा खेलकुद शाखा)
तथ्याङ्क संकलन फारम-२०७९

विद्यालयको नामः संचालित कक्षाः

ठेगानाः विद्यालयको कोड नं.

१) शिक्षक विद्यार्थी विवरण

**क) विद्यार्थी विवरण**

| सि.नं. | कक्षा | Flash I वमोजिम | | | अनुगमन भएको हाजिरी | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| १ | वा.वि.के. | | | | | | | |
| २ | १ | | | | | | | |
| ३ | २ | | | | | | | |
| ४ | ३ | | | | | | | |
| ५ | ४ | | | | | | | |
| ६ | ५ | | | | | | | |
| ७ | ६ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | | | | | | | |
| ९ | ८ | | | | | | | |
| १० | ९ | | | | | | | |
| ११ | १० | | | | | | | |
| १२ | ११ | | | | | | | |
| १३ | १२ | | | | | | | |
| **जम्मा** | | | | | | | | |

**ख) शिक्षको विवरण**

| **सि.न.** | **तह** | **दरवन्दी** | | | **राहात** | **उ.मा.वि. अनुदान** | **पालिका अनुदान** | **निजि** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **स्थायी** | **अस्थायी** | **जम्मा** | | | | | |
| १ | वा.वि.के. | | | | | | | | |
| २ | प्रा.वि. | | | | | | | | |
| ३ | नि.मा.वि. | | | | | | | | |
| ४ | मा.वि. | | | | | | | | |
| ५ | उ.मा.वि. | | | | | | | | |

**ग) शिक्षकको नामनामेशी विवरण देहायको ढाँचामा छुट्टै पानामा ल्याउनु पर्ने ।**

| सि.नं. | नामथर | तह/श्रेणट्ठ | किसिम | नियुक्ति मिति | वढुवा मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

तुर्माखाँद गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**घ) विद्यार्थी अनुपात विवरण ( निजलाई समावेश नगर्ने )**

| सि.नं. | तह | शिक्षक संख्या | विद्यार्थी संख्या | STR | कैफियत |
|---|---|---|---|---|---|
| १ | वा.वि.के. | | | | |
| २ | कक्षा १-३ | | | | |
| ३ | कक्षा १-५ | | | | |
| ४ | कक्षा ६-८ | | | | |
| ५ | कक्षा ९-१० | | | | |
| ६ | कक्षा ११-१२ | | | | |

१) विद्यालयको भौतिक विवरण

क) विद्यालयको जम्मा ब्लक संख्या। कच्ची पक्की जम्मा

ख) विद्यालयको जम्मा कक्षाकोठा संख्याः कच्ची पक्की जम्मा

ग) प्रयोग भैरहेको कक्षा कोठा संख्याः

घ) प्रयोगमा नआएको कक्षा कोठा संख्याःङ) प्रअ को अलगै कक्ष छ/छैनः

च) स्टाफका लागि अलगै रुम भए/नभएको:

छ) सेमिनार हल छ/छैनः

ज) प्रयोगशाला छ/छैनः

झ) पुस्तकालय छ/छैनः

ञ) ICT Lab छ/छैनः

ट) शौचालयः छात्राः छात्रः शिक्षकः

ठ) खानेपानी उपलव्ध छ/छैनः छ भने प्रयाप्त अप्रयाप्त के छ ।

ड) विद्यालयको घेरा पर्खाल भए नभएको:

ढ) भवन मर्मत गर्नु पर्ने भएमाः व्लक कोठा

ण) विद्यलायसम्म वाटोको पहुच छ/छैनः

त) विद्यालयको क्षेत्रफल (रोपनीमा) पुर्जा छ/छैनः

थ) विद्यालयको फर्निचरको अवस्था के छ।

द) नजिकका कुनै ३ विद्यालयको दुरी (कि मि)

१ श्री

२ श्री

३ श्री

ध) विद्यालय सुधार योजना छ/छैन छ भने अध्यावधिक मितिः

न) वि व्य स गठन मितिः

न) शि अ संघ गठन मितिः

प) सामाजिक परिक्षण भए/नभएको भएको भए मितिः

तुर्माखाँद गाउँपालिका

विद्यालय मर्ज/डाउनसाईजिंग सम्बन्धमा वि.व्य.स. अध्यक्षको रायः

विद्यालय मर्ज/डाउनसाईजिंग सम्बन्धमा प्र.अ.को रायः

अनुगमनकर्ताहरुको रायः

वि.व्य.स. अध्यक्षको नामः

हस्ताक्षरः

मितिः

प्र.अ. को नामः

हस्ताक्षरः

मितिः

अनुगमनकर्ताको नामः

१।

हस्ताक्षरः

तुर्माखाँद गाउँपालिका

२।
३।
४।
५।
६।
मितिः

**प्रमाणीकरण मिति २०८०।०२।१४**

आज्ञाले
लोक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

तुर्माखाँद गाउँपालिका